# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## गन्यापधुरा गाउँपालिका
## डडेल्धुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा ,दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं.३७५

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गन्यापधुरा गाउँपालिका,
डडेल्धुरा ।

**कैफियत सहितको राय**

हामीले **गन्यापधुरा गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रू. ४९ लाख ३९ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. १ लाख , नियमित गर्नुपर्ने रु.२८ लाख ८९ हजार र पेश्की रु १९ लाख ५० हजार बाँकी बेरुजु रहेको छ ।** पालिकाको गत वर्षसम्म रु.२ करोड ६७ लाख ४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २ करोड ७ लाख २७ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## गन्यापधुरा , गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४६ | १६ | ४९३९ | ० | ० | ० | ४६ | १६ | ४९३९ | १०० | २८८९ | ० | ० | ० | २८८९ | १९५० |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| २६७०४ | ० | १०९१६ | १५७८८ | ० | ४९३९ | २०७२७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गन्यापधुरा गाउँपालिका, डडेलधुरा , गनयापधुरा गाउँपालिका , डँडेलधुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिलिप कुमार तामाङ | २०७६-६-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुजा कूमारी भट्ट | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ४,९३९,२१५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | -३०,८४,८२१.११ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७,३४,४०,६३५.५ | चालु खर्च | २८,१३,८९,५७२.९२ |
| प्रदेश सरकारबाट अनुदान | १,५३,८३,००० | पूँजीगत खर्च | ११,६९,२५,२३०.६५ |
| राजश्व बाँडफाँट | ५,१९,६३,८५३.०४ | वित्तीय/अन्य व्यवस्था | १,०२,१७,९८८.१७ |
| आन्तरिक आय | ५९,९०,५०२ | | |
| अन्य आय | ७,५२,४९,८३०.०३ | | |
| कुल आय | ४२,२०,२७,८२०.५७ | कुल खर्च | ४०,८५,३२,७९१.७४ |
| बाँकी मौज्दात | | १,०४,१०,२०७.७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **वित्तीय विवरण**<br>परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १३५.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा १५०९३ जनसंख्या रहेको छ । लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।०६।२४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँगाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँगाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु १२७४३०७१.२३ ले फरक देखिएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>

**बैक हिसाब मिलान नगरेको**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७८।३।३१को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७८।३।३१ को बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता</td><td>०</td><td>८३८७२७६.१७</td><td>८३८७२७६.१७</td></tr>
<tr><td>२</td><td>पुजिगत खर्च खाता</td><td>०</td><td>१०७१५४४१.२२</td><td>१०७१५४४१.२२</td></tr>
<tr><td>३</td><td>धरौटी खाता</td><td>१५१०५७७.३१</td><td>१५१०५७७.३१</td><td>०</td></tr>
<tr><td>४</td><td>विविध कोष</td><td>२८१९७.५०</td><td>१६२०८७.५५</td><td>१३३८९०.०५</td></tr>
<tr><td>५</td><td>प्रकोप ब्यवस्थापन</td><td>४१८४६९.२३</td><td>५५५७९७.२३</td><td>१३७३२८</td></tr>
<tr><td>६</td><td>संचितकोष खाता</td><td>८४५२९६३.६८</td><td>१८२२०९९.४७</td><td>६६३०८६४.२१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१०४१०२०७.७२</td><td>२३१५३२७८.९५</td><td>१२७४३०७१.२३</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आ आफ्नो कोषको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको छैन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. ८३८७२७६.१७, पुजीगत खर्च खातामा रु. १०७१५४४१.२२ र विभाज्यकोषमा रु.० समेत गरी रु. १९१०२७१७.३९ मौज्दात रहेको पाईयो । • गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको छैन। • सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५ | | | **बरबुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री कमला देवि ठगुन्ना ले २०७७।०३।१० गते रु २८ करोड ३३ लाख ९४ हजार १ सय १३ रुपैया २० पैँसा को बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।२९. मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।०५ गते मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७ | | | **गत बर्षको दायित्व**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ ।स्थानीय तहले २०७६/७७ मा बिभिन्न संस्था, उपभोक्ता समिति फर्महरुलाई रु. २०२९७६८९.५ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी प्रमाणीत नगराई यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७७/७८ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>
चौमासिक खर्च
चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएकोप व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">बजेटउपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च(रु. हजारमा)</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>215657.69</td><td>52831.70</td><td>53576.16</td><td>109249.83</td><td>30914.85</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>109572.75</td><td>11883.54</td><td>25339.33</td><td>72349.88</td><td>45415.46</td></tr>
<tr><td></td><td>जम्मा</td><td>325230.43</td><td>64715.25</td><td>78915.48</td><td>181599.71</td><td>76330.32</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>19.90</td><td>24.26</td><td>55.84</td><td>23.47</td></tr>
</table>
गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार अन्तरसरकारी अख्तियारी बाहेक रु ३२५२३०४३४.४३ खर्च भएकोमा प्रथम चौमासिकमा रु. ६४७१५२४५.०४ अर्थात १९.९० प्रतिशत, दोश्रो चौमासिकमा रु. ७८९१५४८२.८९ अर्थात २४.२६ प्रतिशत र तेश्रो चौमासिकमा रु. १८१५९९७०६.५० अर्थात ५५.८४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७६३३०३२० अर्थात २३.४७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । मुख्य क्षेत्र वार्षिक वजेट खर्च रकम कुल खर्च मध्ये प्रतिशत | |

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २१२९२३६०.०० | १५२९२२२९.०० | ४.७० |
| सामाजिक क्षेत्र | १८८२०७१००.०० | १७२८०८९२२.६५ | ५३.१३ |
| पूर्वाधार विकास क्षेत्र | ३२०७९०००.०० | ३०२५३३१९.८५ | ९.३० |
| वातावरण तथा विपद् व्यवस्थापन | १९४०००.०० | १४४०००.०० | ०.०४ |
| संस्थागत विकास र सेवा प्रवाह | १०६२००००.०० | १०४७३६०८.१७ | ३.२२ |
| वित्तीय व्यवस्थापन र सुशासन | ० | ० | ० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८९४५५२००.०० | ७१४२४६१८.७६ | २१.९६ |
| **जम्मा** | **३७८२८६८००.००** | **३२५२३०४३४.४३** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ५३.१३ प्रतिशत सामाजिक विकासमा खर्च गरेको छ भने वित्तीय व्यवस्थापन र सुशासन रकम खर्च गरेको छैन।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. ५९९०५०२ राजस्व बाँडफाँड र अनुदानबाट रू. ५२७५५५७७.२५ समेत रू. ५८४४६०७९.२५ आम्दानी भएकोमा चालु तर्फ रू. ५७५१५४९२.३८ र पूँजिगत तर्फ रू. ० र बित्तिय ब्यबस्था तर्फ रू. ० समेत रू. ५७५५१५४९२.३८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ९.६५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६८७६५०० खर्च भएको छ जुन आन्तरिक आयको १२३.८७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.३० प्रतिशत चालु र ३३.७० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १२ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु १७१९८०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>
लक्ष्य प्रगति<br>
लक्ष्य प्रगति : कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १२८३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५%सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>१५</td><td></td><td></td><td></td><td>६५.९७</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्या</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>रकम</td><td>३२५२३०४३४.४३</td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
कर्मचारी करार<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले २४ जना स्वयं सेवक शिक्षक र ३७ जना कर्मचारी गरी ६१ कर्मचारीहरु करारमा राखी रु.५७९५८०० खर्च लेखेको छ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br>वडा सचिवको पदपूर्ति : गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।रिक्त वडा सचिवको पदपूर्ति गरिनुरपर्दछ।<br><table><tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>५</td><td>५</td><td>३</td><td>२</td></tr></table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले गन्यापधुरा गाउँपालिका कार्यसञ्चालन निर्देशिका अनुसार यो बर्ष रु. २४६०००प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । प्रतोत्साहन भत्ता वितरण गर्दा स्थानीय तहको आन्तरिक आयलाई ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कानुन निर्माण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले यस वर्ष १ वटा ऐन १ नियमावली १६ वटा निर्देशिका तथा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५÷७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>३६</td><td>२९</td><td>१०</td><td>११</td><td>३</td><td>89</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु. १ लाखसम्मका जम्मा ३६ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र ६५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना र वितरणमुखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावीत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको, यो बर्ष थप भएको ६ विवाद दर्ता भएकोमा ५ वटा फछ्र्यौट भएको छ भने १ वटा फछ्र्यौट बाँकी रहेको छ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>मन्दिर निर्माण तथा मर्मत<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ६ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. १२००००० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमाकूल पालिकाको पुँजिगत बजेटको ४ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण प्रतिवेदन</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७७(२),(३) मा स्थानिय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ, आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । गाँउपालिकाले यो वर्ष आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको छ । आन्तरिक लेखापरिक्षणले औल्याएका बेरुजुहरु देहायानुसार छन् ।ऐनले गरेको व्यवस्था बमोजिम प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको सम्परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>गो भौ नं. ३४,३५,३६,३७,६० मिति २०७८/१/१५,१७, ३/२७: कृषक पाठसाला कार्यक्रम सञ्चालनमा प्रशिक्षक भत्ता भुक्तानीमा नियमानुसार कट्टी गर्नुपर्ने १५ प्रतिशत पारिश्रमिक कर कट्टी गर्नुपर्नेमा कट्टी गरी दाखिला गरेको नपाइएकोले सम्वन्धीत बाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>नाम थर</th><th>असुल हुनुपर्ने रकम रु</th></tr>
<tr><td>१.</td><td>जुना कुमारी राना</td><td>५०१०</td></tr>
<tr><td>२.</td><td>कृष्ण दत्त अवस्थी</td><td>५०१०</td></tr>
<tr><td>३.</td><td>खेमराज अवस्थी</td><td>९९००</td></tr>
<tr><td>४.</td><td>पदम राज अवस्थी</td><td>४९५०</td></tr>
</table></td><td>२४,८७०</td></tr>
<tr><td>२१.३</td><td></td><td></td><td>गो भौ नं. ४४ २०७८/२/२९: कृषि विकास समितिको विभिन्न मितिमा सञ्चालित बैठकमा सहभागिहरुको बैठक भत्ता भुक्तानीमा कट्टी गरिएको पारिश्रमिक कर रु ९००० बैकमा खादिल हुनुपर्नेमा रु. ६००० मात्र खादिला भएकोले बाँकी कर दाखिला गर्नुपर्ने रु....</td><td>३,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.४</td><td></td><td></td><td>गो भौ नं. ८४ २०७७/७/२२: कार्यालय सहयोगी उमेश प्रसाद जोशीले स्वीकृत भ्रमण आदेश तथा बिल बमोजिम भुक्तानी लिँदा दैनिक भ्रमण भत्ताको दर रु १२०० को दरले भुक्तानी लिएकोले ५.२५ दिनको बढी भुक्तानी असुल गर्नुपर्ने रु...</td><td>१,०५०</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति<br>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>१</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>८८२</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२२७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२५७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२४२</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१</td></tr>
<tr><td>प'र्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>मि.</td></tr>
<tr><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कालोपत्रे सडक मर्मत – 0<br>ग्राभेल सडक निर्माण – कि.मि.<br>ग्राभेल सडक मर्मत – कि.मि.<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । | |
| २३ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट रु ६८७६५०० मासिक सुविधा वापत भुक्तानी भएको छ । | |
| २४ | | | **एउटामात्र सुविधा पाउने**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । तर गाउँपालिकाले निवृतिभरण पाईरहेको गाँउपालिका अध्यक्षलाई रु.४२१००० खर्च लेखेको छ । | |
| २५ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १०९८०३८/- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २६ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष २१ व्यक्ति एवं संघ संस्थालाई रु.३२००००। आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. १३०००००।०० खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २८ | | | **सवारीसाधन खरिद**<br>सवारीसाधन खरिद – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले ४ थान सवारि साधन खरिदमा रु. १३९९९९.९७ खर्च गरेको छ।<br><table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१</td><td>मोटरसाईकल</td><td>४</td><td>१३९९९९९.९७</td></tr><tr><td></td><td>**जम्मा**</td><td></td><td>१३९९९९९.९७</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
